**महाङ्काल गाउपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**गोटिखेल, ललितपुर।**

स्वीकृत मिति २०८२ साल भाद्र १८ गते रोज ४ शुभम्।

**"सामाजिक कार्यमा (जन्म, मृत्यु) पालिका सहभागिता कार्यक्रम कार्यन्वयन सम्बन्धी कार्यविधि, २०८२"**

**प्रस्तावना:**

महाङ्काल गाउपालिकाले नागरिकलाई सेवा एवं सुविधा प्रदान गर्न महाङ्काल गाउपलिकामा स्थायी बसोबास गर्दै आइरहेका व्यक्तिको मृत्यु भएमा सामाजिक सदभाव र भावनात्मक एकता बढाउन गाउँपालिकाको तर्फबाट राहत रकम उपलब्ध गराई समवेदना प्रकट गरी आत्मियता अभिवृद्धि गर्ने साथै सामाजिक न्याय प्रदान गर्ने उद्देश्य सहित महाङ्काल गाउपालिकाले **"सामाजिक कार्यमा (जन्म, मृत्यु) पालिका सहभागिता कार्यक्रम"** शीर्षकमा विनियोजित बजेट कार्यक्रमको कार्यविधिगत व्यवस्था गर्न आवश्यक भएकाले गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम **"सामाजिक कार्यमा (जन्म, मृत्यु) पालिका सहभागिता कार्यक्रम कार्यन्वयन सम्बन्धी कार्यविधि, २०८२"** रहेको छ।
(२) यो कार्यविधि गाउँपालिकाबाट मिति २०८२ साल श्रावण १ गते देखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) 'गाउँसभा' भन्नाले महाङ्काल गाउँसभा सम्झनु पर्छ ।
(ख) 'कार्यपालिका' भन्नाले महाङ्काल गाउँकार्यपालिका सम्झनुपर्छ ।
(ग) 'समिति' भन्नाले दफा ६ को उपदफा (१) बमोजिमको सहायता समिति सम्झनु पर्दछ ।

(घ) 'कार्यक्रम' भन्नाले यस कार्यक्रम कार्यान्वनका लागि मृतकका घर परिवारमा आर्थिक सहयोग गर्ने कार्य सम्झनु पर्दछ ।

(ङ) 'शोकसन्तप्त परिवार ' भन्नाले दफा (३) बमोजिम बसोबास गर्ने मृत्यु भएका व्यक्तिका परिवारलाई सम्झनु पर्दछ ।

(च) 'परिवार' भन्नाले मृतकका परिवारसँग बस्ने तथा निज आफैंले पालन पोषण गर्नुपर्ने बाबु, आमा वा सौतेनी आमा, पति, पत्नी, छोरा, बुहारी, अविवाहिता छोरी, धर्मपुत्र , अविवाहिता धर्मपुत्री, नातिनातिना, सम्झनु पर्दछ र सो शब्दले पुरुष र अविवाहिता महिलाको हकमा निजको बाजे, बज्यै तथा विवाहित महिलाको हकमा निजका सासु, ससुरा समेतलाई जनाउँछ ।

(छ) 'राहत' भन्नाले महाङ्काल गाउपालिकाभित्रका कुनै व्यक्तिको मृत्य भएमा उपलब्ध गराइने राहत रकम सम्झनु पर्दछ ।

३. सहायता सम्बन्धी व्यवस्थाः (१) महाङ्काल गाउँपालिकाभित्र स्थायी बसोबास गर्दै आइरहेका व्यक्तिको मृत्यु भएमा गाउँपालिकाको तर्फबाट मृत्यु भएका व्यक्तिको शोकसन्तप्त परिवारलाई राहत रकम उपलब्ध गराइनेछ।

(२) महाङ्काल गाउँपालिकाले राहत रकम उपलब्ध गराउनुलाई शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गरेको मानिनेछ।

४. सहायता रकमः (१)मृतक परिवारले यस कार्यविधि बमोजिम रु. ७०००।- (सातहजार मात्र) राहत रकम उपलब्ध गराइनेछ।

५. सहायता प्राप्त गर्ने कार्यविधिः यस कार्यविधि बमोजिम सहायता प्रदान गर्न सम्बन्धित शोकसन्तप्त परिवारमा गाउँपालिकाका प्रतिनिधिहरुको उपस्थितीमा उक्त रकम सोझै हस्तान्तरण गर्न सकिनेछ। गाउँपालिकाको उपस्थितमा सहायता रकम उपलब्ध हुन नसकेमा त्यस्तो सम्बन्धित परिवारको व्यक्तिले आफू बसोबास गरेको वडाको सिफारिस पत्र सहित सम्बन्धित आर्थिक वर्षमा गाउपालिकाको सहायता समिति समक्ष अनुसूचि १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्दछ ।

६. सहायता समितिः (१)यस कार्यविधि बमोजिम कार्यक्रम सदुपयोग तथा सुनिश्चितता प्रदान गर्न देहायबमोजिमको एक सहायता समिति रहनेछ ।

(क) गाउपालिका अध्यक्ष - संयोजक

(ख) गाउपालिका उपाध्यक्ष - सदस्य

(ग) सबै वडाका वडाध्यक्ष - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको प्रतिनिधि- १जना

(२) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको प्रतिनिधिले समितिको सदस्य सचिवको रुपमा काम गर्नेछ ।

(३) स्थानीय समितिबाट सुनिश्चित रकम गाउँपालिकाले सम्बन्धित व्यक्तिको बैक खातामा वा सोझै उपलब्ध गराउनेछ ।

७. समितिको काम कर्तव्य र अधिकारः (१)सहायता समितिको काम, कर्त्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कायर्क्रम कार्यान्वयन गर्न नीतिगत व्यवस्था गर्ने,

(ख) कार्यक्रम कार्यान्वयन तथा समन्वय गर्न वडा कार्यालयलाई आवश्यक निर्देशन दिने,

(ग) कार्यक्रमको समिक्षा गर्ने, कार्यक्रम कार्यान्वयनको सिलसिलामा आइपरेका वाधाअड्चन फुकाउने,

(घ) कार्यक्रमको मूल्याङ्कन एवं समिक्षा गरी कार्यपालिका र गाउसभालाई पृष्ठपोषण दिने,

(२) कार्यक्रम कार्यान्वयन गर्दा कुनै विवाद उत्पन्न भएमा समितिको निर्णय अन्तिम हुनेछ ।

८. वैठक सम्बन्धी कार्यविधिः वैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

९. सहायता रकमको सीमाः यस कार्यवीधि बमोजिमको सहायता रकम विनियोजित रकमको सीमा भित्र रहेर उपलब्ध गराइनेछ ।

१०. झुठ्ठा विवरण पेश गरी आर्थिक सहायता लिनेलाई कारवाहीः(१) झुठ्ठा विवरण पेश गरी रकम सहायता लिइएको पाइएमा सम्वन्धित सहायता लिने व्यक्तिबाट बुझी

लगेको रकम र  झुठ्ठा विवरण पेश गरी लिएको रकम सरकारी बाँकि सरह असूल उपर गरी कानूनबमोजिम कारबाही गरिनेछ।

(२) यस कार्यविधिमा उल्लेखित सीमाभन्दा बढी हुने गरी कुनै व्यक्तिलाई सहायता रकम दिन पाइने छैन ।

(३) उपदफा(२) विपरीत हुने गरी सहायता रकम दिएको पाइएमा त्यसरी दिएको रकम सरकारी बाँकि सरह भुक्तानी दिने व्यक्तिबाट असूल उपर गरिनेछ ।

११. लेखा तथा लेखापरीक्षणः (१) यस कार्यविधि बमोजिम सहायता रकम खर्चको लेखा तथा लेखापरीक्षण प्रचलित कानून बमोजिम गाउँपालिकाले राख्ने एवं गराउनु पर्नेछ ।

१२. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

१३. संशोधन र खारेजीः गाउँपालिकाले आवश्यक परेमा यस कार्यविधिमा भएको व्यवस्था संशोधन वा खारेज गर्न सक्नेछ ।

अनुसूची-१

(दफा ५ सँग सम्बन्धित)

निवेदनको ढाँचा

मितिः

श्री संयोजक ज्यू ,
सहायता समिति ,
महाङ्काल गाउपालिका
गोटिखेल,ललितपुर।

विषयः- सहायता रकम पाउँ भन्ने बारे।

महोदय,

मेरा.......................(नाता सम्बन्ध)को मिति..........................मा मृत्यु भएकाले गाउँपालिकाले उपलब्ध गराउने सहायता स्वरुपको राहत रकम उपलब्ध गराइ पाऊँ भनी निवेदन गर्दछु।

संलग्न कागजात

१.निवेदकको नागरिकताको प्रतिलिपि
२.मृत्यु दर्ताको प्रमाण-पत्रको प्रतिलिपि
३.रकम जम्मा गर्ने बैकको निवेदकको चेकको प्रतिलिपि
४. प्रहरी मुचुल्काको प्रतिलिपि (दुर्घटनाबाट मृत्यु भएकाको हकमा)

निवेदकको नाम,थर र ठेगाना